श्री ५ को सरकार

## सामान्य प्रशासन मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले मिति २०४२।४।१० को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणीका श्री हरिहर शर्मा वाग्लेलाई सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहबाट मालपोत विभागको महानिर्देशक पदमा सरुवा गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले मिति २०४२।४।२४ को निर्णयानुसार नेपाल प्रशासन सेवा, राजपत्राङ्कित प्रथम श्रेणी (सह-सचिवस्तर) सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहका श्री केदारप्रसाद कोइरालालाई निजामती सेवा नियमावली, २०२१ को नियम ७.२(२) अनुसार सुविधा पाउने गरी सोही नियमावलीको नियम ७.२ (१) बमोजिम स्वेच्छिक अवकाश दिएको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

### सूचना ३

श्री ५ को सरकारले मिति २०४२।४।२१ को निर्णयानुसार राजपत्र अनङ्कित प्रथम श्रेणीका श्री रामप्रसाद श्रेष्ठलाई नेपाल प्रशासन सेवा (लेखा समूह) को राजपत्राँकित तृतीय श्रेणीमा बढुवा नियुक्ति गरी महालेखा नियन्त्रक कार्यालय वा अन्तर्गत कार्यालयमा पदस्थापन गरेको छ ।

आज्ञाले,
श्यामकुमार प्रधान
सह-सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।